# रैनादेवी छहरा गाउँपालिकाको

# सम्मानित १८ औं गाउँसभा

# २०८२ साल असार २७ गते शुक्रबार

श्री युवराज थापाज्यूले

प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८२/८३ को

बजेट वक्तव्य -२०८२

रैनादेवी छहरा गाउँपालिका

छहरा, पाल्पा ।

**सभाका अध्यक्ष एवं गाउँ पालिका प्रमुख ज्यु ,**

**गाउँ सभाका सदस्यज्युहरु,**

१. रैनादेवी छहरा गाउँ पालिकाको गरिमामय १८ औं गाउँ सभामा उपाध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। पालिकाको आगामी सोच एवं जन आकाङ्क्षा समेटिएको आर्थिक बर्ष २०८२/८३ नीतिलाई कार्यक्रम र बजेट मार्फत व्याबहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम १८ औं गाउँ अधिवेशनमा आ. व. २०८२/ ८३ आय र व्यय अनुमान प्रस्तुत गरिरहँदा अत्यन्त गर्ब महसुस गरेको छु। यस महत्त्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पुर्ण ज्ञातअज्ञात शहीदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। क्रमशः सम्बोधन गर्दै गाउँ पालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रबिधि, दिगो पूर्वाधार , नवप्रवर्तन एवं उद्धमशीलता तथा विपद उत्थानशील विकासमा रणनीतिक महत्त्व राख्ने विस्वास लिएको छु। छहराको मुल आधार" भन्ने मुल नारालाई आत्मासात गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दीगो पूर्वाधार विकास निर्माण तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरी गाउँ पालिकावासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुऱ्याउन गाउँ पालिका कटिबद्ध रहेको जानकारी गराउन चाहन्छु। प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँ पालिकाको अर्थ विधेयक २०८२, विनियोजन विधेयक २०८२, आ. व. २०८२/८३ को नीति तथा कार्यक्रम, संघीय तथा लुम्बिनी प्रदेश सरकारको आ. व. २०८२/८३ को नीति तथा कार्यक्रम, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन २०७७, गाउँ पालिकाको बिषयगत समितिका सुझावहरु,

विज्ञ महानुभावका सुझावहरु, दीगो विकासका लक्ष्यहरु, गाउँ सभाका सदस्यज्यूहरुले दिनुभएको सुझावहरु, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरु, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र गाउँ पालिकावासी दिदीबहिनी तथा दाजुभाईहरुबाट प्राप्त महत्त्वपूर्ण सुझावलाई समेत समेटी आ.व. २०८२/८३ को नीति तर्जुमा र सो को कार्यान्वयन गर्न अनुमानित आय र व्यय प्रस्तुत गरेको छु।

७. अब म गाँउ पालिको वर्तमान वित्तिय अवस्थाको संक्षेपमा जानकारी प्रस्तुत गर्दछु। चालु २०८१/८२ को लागि कुल बजेट रु ७३ करोड ७९ लाख ३४ हजार जस मध्ये चालु शीर्षकमा रु ५० करोड ४४ लाख ५५ हजार विनियोजन भएकोमा मिति २०८२ असार मसान्त सम्म ४० करोड ४१ लाख ३४ हजार ८ सय १९ रुपैया १४ पैसा अर्थात ८०.११ प्रतिशत र पुँजिगततर्फ रु २३करोड ३४ लाख ७९ हजार भएकोमा १७ करोड १२लाख ५६ हजार ६ सय ४९ रुपैया ७३ पैसा अर्थात ७३.३४ प्रतिशत गरी कुल खर्च जम्मा ५७ करोड ५३ लाख ९१ हजार ४ सय ६८ रुपैया ८७ पैसा अर्थात ७७.९७ प्रतिशत भएको छ।

८. आन्तरिक आम्दानी तर्फ रु.१ करोडको लक्ष्य रहेकोमा आजको मितिसम्म १ करोड २२ लाख ०८ हजार ३ सय ९४ रुपैया ९५ पैसा अर्थात १२२.०८% आम्दानी भएको छ।

९. संघीय सरकारबाट राजस्व बाँडफाँड शिर्षकमा प्रक्षेपित रु १० करोड ४० लाख मध्ये असार मसान्त सम्म ९ करोड ७२ लाख २७ हजार ७ सय १८ रुपैया ०५ पैसा र लुम्विनी प्रदेशबाट ७५ लाख मध्ये असार मसान्त सम्म रु ७४ लाख ५२ हजार ६ सय २९ रुपैया ७८ पैसा प्राप्त भएको अवस्था छ।

१०. अब म आगामी आ.व. २०८२।८३ मा प्रस्ताव गरिएका बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क. उत्पादन वृद्धिमार्फत आत्मनिर्भर गाउँपालिका बनाउनु ।

ख. आर्थिक, भौतिक, सामाजिक एवं वातावरणीय पूर्वाधार विकास गरी सुदृण गाउँपालिका मार्फत राष्ट्रको विकासमा टेपा पु¥याउने ।

ग. गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा गाउँपालिकाबासीको सहज पहुँच वृद्धि गर्नु ।

घ. उत्पादनमूलक एवं दीगो रोजगारी सिर्जना गर्नु ।

ङ. दीगो वातावरणमैत्री एवं विपद् उत्थानशील पूर्वाधार निर्माण गर्नु ।

च. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, वित्त विश्लेशण एवं सूचना प्रविधिको प्रयोग मार्फत सुशासनको अनुभूति दिलायनु ।

छ. नवप्रवर्तन तथा उद्यमशीलता प्रवर्द्धन गर्नु ।

ज. प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिँदै शैक्षिक क्षेत्रको गुणस्तरमा सुधार ल्याउनु।

झ. स्थानीय स्तरमा प्राप्त स्रोत र साधनको अधिकतम परिचालन गरी उच्च आर्थिक वृद्धि हासिल गर्नु ।

ञ. अवसरको सृजना गर्दै सामाजिक सुरक्षा तथा समावेशिकरणको अवधारणालाई आत्मसाथ गर्नु।

अब म आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेटको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु। आर्थिक वर्ष २०८२/८३ को कुल बजेट ८० करोड ४६ लाख १२ हजार ८ सय २५ रुपैया रहेको छ जस मध्ये चालु खर्चतर्फ ४९ करोड ७८ लाख ५७ हजार ७ सय ३५ र पुँजिगत खर्चतर्फ ३० करोड ६७ लाख ५५ हजार १ सय ५० विनियोजन भएको छ ।

११. आ.व. ०८२/८३ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ :

- दीगो पूर्वाधार, नियमित सडक मर्मत सम्भार र अधुरा योजनाहरुको निरन्तरता ।
- कृषि तथा पशु, खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन ।
- शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, सिँचाइ र स्थानीय पूर्वाधार ।
- रोग व्याधि सङ्क्रमण नियन्त्रण तथा विपद् व्यवस्थापन ।
- पर्यटन, वाणिज्य, वन, उद्योग र सहकारी ।
- सूचना प्रविधि तथा डिजिटल प्रणालीको उपयोग ।
- रोजगारी प्रवर्द्धन र उद्यमशीलता तथा निजी क्षेत्रसँग सहकार्य तथा साझेदारी।
- लैङ्गिक समानता, महिला सशक्तीकरण र समाजिक समावेशीकरण ।
- सामाजिक सुरक्षा र समावेशिकरण ।
- सेवा प्रवाह, सुशासन प्रबर्द्धन र वातावरणको संरक्षण तथा बहुआयामिक विषयको विकास।

उल्लेखित उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, छिमेकी स्थानीय तह, निजी तथा सहकारी क्षेत्र, स्थानीय टोल विकास संस्थासँग समन्वय एवं साझेदारी गरिनेछ ।

**सभाअध्यक्ष एवं गाउँ सभासदस्यज्यूहरु,**

१२. "आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार : समृद्ध रैनादेवी छहराको मूल आधार" भन्ने नारालाई आत्मसाथ गर्दै रैनादेवी छहरा गाउँपालिकालाई विकासको पथमा अगाडि लैजानको लागि गाउँपालिकाले सारेको ठूला (गौरबका) योजना अन्तर्गत तिन जिल्ला जोड्ने मुख्य सडक सुन्दरेढुङ्गा-जुठापौवा-सालझण्डी मोटरबाटो तथा धजावान्ने-ताङसिंगल-सातमुरे मो वा लाई संघ र धजावान्ने-पेलावास-तालपोखरा अर्घाखाँची मो.बा

तथा तान्सिङ्गल-सोमादी-सपौदी-मंग्रान-मनभाग मोटरबाटो प्रदेशसँगको समपूरक योजनाको रूपमा अगाडि बढाएको छु । उक्त योजनाको लागि संघीय समपूरक कोषबाट रु. २,३७,००,०००/- (दुई करोड सैतिस लाख रुपैयाँ) र प्रदेश समपूरक कोषबाट रु. ७५,००,०००/- (पचहत्तर लाख रुपैयाँ) र गाउँपालिकाबाट रु. ३,२९,३०,०००/- (तिन करोड उनान्तिस लाख तिस हजार रुपैयाँ) गरी रु. ६,४१,३०,०००/-(छ करोड एकचालिस लाख तिस हजार रुपैयाँ) विनियोजन गरेको छु । गाउँपालिकालाई सडक सञ्जालमा जोड्नको लागि विभिन्न सडकमा आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. अब म गाउँपालिकाको आ.व. ०८२/८३ को लागि क्षेत्रगत कार्यक्रम तथा विनियोजन गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अधुरा तथा क्रमागत र बहुवर्षिय आयोजना तर्फः**

१४. चालु आ.व. मा निर्माण हुन नसकेका तथा भुक्तानी बाँकी रहेका योजनाहरु समयमै सम्पन्न गर्नको लागि रु ५० लाख विनियोजन गरेको छु ।

१५. विगतका आर्थिक वर्षमा भएका योजनाका दायित्व तथा आ.व. ०८१/८२ मा बहुवर्षिय ठेक्का प्रणालीबाट भएका योजनाहरुको भुक्तानीको लागि एकमुष्ट रकम रु ५० लाख बजेट व्यवस्थापन गरेको छु ।

- सुगुँरे ढुङ्गा जुठपौवा सालझण्डी सडक अन्तर्गत नेपाने-जुठापौवा मो बा  रु ५० लाख रुपैयाँ ।

**वडा स्तरबाटै सम्पन्न हुने आयोजनाहरु तर्फः**

१६. हरेक वडाको सन्तुलित विकासको लागि सम्बन्धित वडाबाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ । यसरी कार्यान्वयन हुने आयोजनाहरुको लागि प्रत्येक वडामा न्युनतम र पालिकाबाट गरी दुई विधिबाट वडा स्तरीय सिलिङ निर्धारण

गरिएको व्यहोरा यो सम्मानीत सभामा जानकारी गराउँदै यसले वडागत र समग्र गाउँपालिकाको विकासमा टेवा पुग्ने अपेक्षा राखेको छु

**कृषि/पशुः**

१७. "वर्तमानको आवश्यकता-कृषिमा आत्मनिर्भरता" भन्ने नारालाई आत्मसाथ गर्दै र गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप "एक गाउँ एक उत्पादन" अन्तर्गत कृषिलाई व्यावसायिकरण विविधिकरण तथा यान्त्रीकरणमा जोड दिँदै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक वृद्धि गरी कृषि र पशुजन्य उत्पादन निर्यात गरी नागरिकको आय आर्जनमा वृद्धि गर्ने तर्फ बजेट लक्षित गरेको छु ।कृषि विकास र पशुपालन क्षेत्रको समग्र विकासको लागि संघीय सरकारबाट रु. १,१६,००,०००/-(एक करोड उनान्सत्तरी लाख रुपैयाँ) र गाउँपालिकाबाट रु. ५०,००,०००/- (पचास लाख रुपैयाँ) विनियोजन गरेको छु।

१८. किसानको मागलाई मध्येनजर गरी कृषि यान्त्रिकरण समाग्रीहरु वितरणमा बजेट विनियोजन गरेको छु ।उत्कृष्ट कृषकको लागि प्रोत्साहन तालिम तथा पुरस्कारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।सहकारी मार्फत उत्पादित, निकासी हुने दूध, मासु को बिक्रि/ढुवानीमा अनुदानको लागि रु. १२,००,०००/- (बाह्र लाख रुपैयाँ) छुट्याएको छु।

१९. समूह गठन गरी व्यावसायिक कृषिमा लागेका युवाहरूलाई आकर्षित गर्न विशेष गरी गाई/भैसी पालन र अन्य क्षेत्रमा पनि सहयोगको व्यवस्था मिलाएको छु।पशु

औषधि खरिद, पशु नश्ल सुधार, मौरी पालन तथा कृषि पशु सेवा विस्तार अनुदान कार्यक्रमलाई आवश्यक रकम विनियोजन गरेको छु। कृषिमा साना सचाई पाइप वितरण, अकवरे खुर्सानि कार्यक्रम, उखु पकेट कार्यक्रम, लसुन प्रवर्द्धन कार्यक्रम तथा कृषि, धार्मिक पर्यटन तथा औधोगिक मेलाको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

- संघीय विशेष अनुदानबाट कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको रु ७५,००,०००/- (पचहत्तर लाख रुपैयाँ) आवस्यकताको आधारमा बर्गिकरण गरेको छु ।

| | |
|---|---|
| कृषि औजार वितरण | ३१ लाख |
| कृषि सिचाई पोखरी निर्माण | ८ लाख |
| सिचाई पाईप खरिद (साना,ठुला) | ६ लाख |
| पशु नश्ल सुधार कार्यक्रम | २ लाख |
| लसुन पकेट कार्यक्रम | ३ लाख |
| जैविक मल प्रवर्द्धन | ९ लाख |
| व्यवसायिक कृषकलाई गाई/भैसी अनुदान कार्यक्रम | ९ लाख |
| स्थानीय/रैथाने वाली प्रवर्द्धन कार्यक्रम | २ लाख |
| कृषि चुन तथा निलोतुथो वितरण | २ लाख |
| मौरी पालन कार्यक्रम | २ लाख |
| उखु पकेट कार्यक्रम | १ लाख |

**पर्यटनः**

२०. रैनादेवी छहरा गाउँपालिकालाई पर्यटकीय हबको रूपमा विकास गर्दै लगिने छ । गाउँपालिका भित्रका पर्यटकीय स्थलको विकासको लागि संघ तथा प्रदेश सरकार सँग समन्वय गरी पूर्वाधार निर्माणमा जोड दिईनेछ । साथै यस क्षेत्रमा रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक मठ मन्दिर र विभिन्न पर्व संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- कालिका मन्दिर व्यवस्थापन रु ५ लाख
- रैनादेवी मन्दिर शौचालय निर्माण रु ५ लाख
- **Home Stay** संचालनार्थ रू ५ लाख

<u>सहकारी तथा वित्तीय क्षेत्र</u>ः

२१. सहकारीलाई उत्पादनसँग जोडिने नीति अबलम्बन गरिने छ ।कृषिमा आधारित सहकारीलाई बिशेष प्रोत्साहन गरिने छ ।समग्र सहकारी क्षेत्रको विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२२. सहकारीबाट मासु र दुध बिक्री वितरण गर्ने किसानलाई प्रोत्साहनको लागि ढुवानी अनुदान बापतको लागि रकम विनियोजन गरेको छु । लघुवित्तहरूको सेवालाई जनमैत्री बनाउन आवश्यक कदम चालिने छ।

<u>शिक्षा</u>ः

२३. समाजको ज्योतिको रूपमा रहेको शिक्षाको गुणस्तर सुधारको लागि बिशेष ध्यान दिइने छ। गुणस्तरीय प्रारम्भिक बाल विकास शिक्षामा पहुँच विस्तार गर्न, शैक्षिक प्रोत्शाहन कार्यक्रमलाई निरन्तरता, शिक्षामा गुणस्तर एवं पहुँच कायम गर्न तथा शिक्षालाई व्यावसायिकता तर्फ उन्मुख गर्न रु. २,४६,७०,०००/- (दुई करोड छयालिस लाख सत्तरी हजार रुपैयाँ) विनियोजन गरेको छु ।

२४. शिक्षा व्यवस्थित गर्न, प्रधानध्यापकहरुको र विद्यालय व्यवस्थापन समितिको क्षमता विकासको लागि तालिमको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।कक्षा १-१२ को परिक्षा सञ्चालन, कक्षा -८ परीक्षा सञ्चालन लगायत शिक्षा विकाससँग सम्बन्धित शिर्षकको लागि पर्याप्त रकम छुट्याएको छु।

२५. ई.सि.डी., लेखा कर्मचारी तथा कार्यालय सहयोगीको तलबमा रु. ८२,००,०००/-( बयासी लाख रुपैयाँ) विनियोजन गरेको छु । विद्यार्थी सुरक्षाको प्रत्याभुति दिलाउन दुर्घटना विमा कार्यक्रमलाई अगाडि बढाएको छु । गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माणको लागि बजेट व्यवस्था गरेको छु ।

२६. विद्यालयबाट खेलाडीहरुको खेल अभिवृद्धि गर्नका लागि राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा रु. ५,००,०००/-( पाँच लाख रुपैयाँ) विनियोजन गरेको छु । एक नमूना विद्यालय एक स्वास्थयकर्मी अवधारणा अनुरूप भैरव नवदीप मा.वि.र सत्यवति मा वि मा स्वास्थ्यकर्मीको व्यवस्थालाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

२७. योग शिक्षक प्रशिक्षण तालिम, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, किशोरी आत्मरक्षा तालिम, एक विद्यालय न्युनतम १ कम्प्युटर कार्यक्रम, गाउँ शिक्षा योजना निर्माण तथा उत्कृष्ट शिक्षक , विद्यार्थी सम्मानमा आवश्यक वजेट विनियोजन गरेको छु ।

- एक विद्यालय एक कम्प्युटर प्रिन्टर रु ३ लाख
- विद्यार्थी दुर्घट्ना विमा कार्यक्रम रु ६ लाख
- प्राविधिक शिक्षाका लागि छात्रवृत्ति रु १० लाख
- विद्यालय समायोजन तथा दरबन्दी मिलान सघन कार्यक्रम रु १ लाख ५० हजार
- विद्यार्थीहरुलाई पद्ढै कमाउदै नीति अन्तर्गत विद्यार्थीसँग कृषि कार्यक्रमको लागि रु २ लाख
- बिद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**स्वास्थ्यः**

२८. गाउँपालिकाबासी सम्पूर्ण नागरिकको स्वास्थ्य बीमा गर्ने नीति अनुरुप निशुल्क स्वास्थ्य बीमाको लागि रु. ४,५०,०००/- (चार लाख पचास हजार रुपैयाँ) विनियोजन गरेको छु। साथै ५० (पचास) प्रतिशत स्वास्थ्य बिमा अनुदान म्याचिङ कार्यक्रममा रु. ४,००,०००/-(चार लाख रुपैयाँ) विनियोजन गरेको छु ।

२९. आमा स्वास्थ्य कार्यक्रम अन्तर्गत "सुत्केरी आमा पोसिलो खाना" शिर्षकको लागि रु ५,००,०००/- (पाँच लाख रुपैयाँ) विनियोजन गरेको छु।स्वस्थ बा-आमा कार्यक्रम अन्तर्गत डाक्टर सहित घर-घरमै गई जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणको लागि बजेट छुट्याएको छु।

३०. पैसाको अभावमा कुनै पनि नागरिकको सामान्य रोगबाट समेत ज्यान नजाओस् भन्ने उद्देश्यले स्वास्थ्य उपचार सहयोग कोषमा रु. १,५०,०००/- (एक लाख पचास रुपैयाँ) विनियोजन गरेको छु।

३१. महिला स्वयंसेविकाको यातायात भत्तामा मासिक रु.२५० (दुई सय पचास रुपैयाँ)ले वृदि गरी रु.२०००/- (दुई हजार रुपैयाँ) बनाएको छु ।उक्त योजनाका लागि रु.१७,२८,०००/-(सत्रलाख अठाईस हजार रुपैयाँ) विनियोजन गरेको छु ।

३२. सुनौला हजार दिनका कार्यक्रमलाई निरन्तरता दिईने छ।**X-rayMachine** सञ्चालन गर्न जनशक्तिको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु। नागरिक आरोग्य सेवा क्लिनिक कार्यक्रम र स्वजागरण योग तथा स्वथ्य जिवनशैली कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु ।

३३. जनताले स्वस्थ बाँच्न पाउने हकलाई सुनिश्चता दिन समग्र स्वास्थ्य क्षेत्रमा रु. १,२२,७८,०००/- (एक करोड बाईस लाख अठहत्तर हजार रुपैयाँ) विनियोजन गरेको छु । गौरवको आयोजनाको रुपमा रहेको १५ शैयाको अस्पताल निर्माण

कार्यलाई द्रुत रुपमा अगाडि बढाउन संघीय सरकारको सहयोगबाट **रु ९,५९,००,०००/- (नौ करोड उनान्साठी लाख रुपैयाँ)** र पालिकाको तर्फबाट रु ५० लाख रुपैयाँ विनियोजन गरेको छु ।

- १५ सैयाको अस्पतालको लागि परिपुरक बजेट रु ५० लाख
- आकस्मिक स्वास्थ्य सेवा रु २० लाख
- स्वास्थ्य औषधि खरिद रु १८ लाख
- सुनौला हजार दिनको कार्यक्रम रु ५ लाख

**<u>खानेपानी तथा सरसफाई कार्यक्रमः</u>**

३४. "स्वच्छ खानेपानी स्वस्थ जीवन" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै खानेपानी तथा सरसफाई क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छु।हरेक नागरिकको घर-घरमा स्वच्छ खानेपानीको लागि एक घर एक धारा एक करेसाबारी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३५. यो बर्ष नेपाने लिफ्ट खानेपानी योजना सम्पन्न गरिनेछ ।साथै जुकेखोला देलुङ्गा लिफ्ट खा.पा, सर्देवा खानेपानी, तिल्केरी लि. खानेपानी लगायत अन्य खानेपानीका निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु। गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको लागि रु. ३,००,००/-(तीन लाख रुपैयाँ) विनियोजन गरेको छु ।

- प्रदेश विशेष अनुदानबाट खानेपानी विस्तार कार्यक्रमको रु २०,००,०००/- (बिस लाख रुपैयाँ) आवस्यकताको आधारमा बर्गिकरण गरेको छु ।

| | |
|---|---|
| जुकेखोला देलुङ्गा लि खा पा | ६ लाख |
| निम्दी तान्सिङगल खा पा | १ लाख |
| सर्देवा खानेपानी | ४ लाख |
| जुकेगैरा खानेपानी | २ लाख |

| | |
|---|---|
| असौंदी नयाँबस्ती खानेपानी | ३ लाख |
| एक घर एक धारा साविक-4 मुझुङ्ग | २ लाख |
| एकल सल्ला खा.पा | १ लाख |
| गड्यौले खा पा | १ लाख |

- तिल्केरी लि खा पा रु ७ लाख

**संस्कृति प्रबर्धनः**

३६. पञ्चेबाजा संरक्षण कार्यक्रम, सरायँ नाँच प्रवर्धन, मारुनी नाँच, भैलो, सोरठी नाँच तथा लाखे नाँच, तीज गीत, न्वागी महोत्सव र भजन किर्तन लगायत स्थानीय संस्कृति संरक्षण र विकासको लागि बजेट विनियोजन गरेको छु।रैनादेवी छहरा गाउँपालिकाको क्षेत्र भित्र रहेका मन्दिरहरूको संरक्षणको निम्ति आवश्यक बजेट विनियोजन गरेको छु।रैनादेवी मन्दिर, कालिका मन्दिर, देलुङ्गा मन्दिर र अमरापुरीधाम लगायत सम्पदाको संरक्षण गर्ने निति अङ्गिकार गरेको छु ।

- स्थानीय लोक संस्कृतिको संरक्षण तथा प्रवधन एवं विभिन्न मेला महोत्सवको लागि रु २ लाख ५० हजार विनियोज गरेको छु ।

**युवा, खेलकुद तथा मनोरञ्जनः**

३७. युवा स्वरोजगार अन्तर्गत पशु फर्म व्यवस्थापन, कृषि तथा यान्त्रीकरण तर्फ आवश्यक रकम विनियोजन गरेको छु। खेलकुद सामग्रीका लागि बजेटको व्यवस्था गरेको छु।

३८. "राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने मूल नाराका साथ सञ्चालन हुने अध्यक्ष कप प्रतियोगिताको लागि बजेट विनियोजन गरेको

छु।गाउँपालिका स्तरीय खेलाडी उत्पादन गर्न विविध युवा तथा खेलकुद कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

- युवा उद्यमशीलता कार्यक्रम रु ५ लाख
- खेलकुद सामाग्री वितरण रु ३ लाख
- अध्यक्ष कप प्रतियोगिता रु १० लाख

**<u>लैङ्गिक तथा सामाजिक समावेशीकरणः</u>**

३९. एकल महिला उद्यमी कार्यक्रम, महिला सिपमूलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, आदिबासी जनजाती लक्षित कार्यक्रमको निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु।बालबालिका तर्फ अशक्त, असहाय, अति बिपन्न, अनाथ बालबालिकाको निम्ति छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।लक्षित कार्यक्रम अन्तर्गत "पाँच अ", छात्रवृत्ति कार्यक्रमका लागि र युवा लक्षित कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छु ।

- महिला लक्षित कार्यक्रम रु १५ लाख
- आदिबासी जनजाती लक्षित कार्यक्रम रु ३ लाख
- दलित लक्षित कार्यक्रम रु २ लाख

**<u>सडकः</u>**

४०. गाउँपालिका स्तरीय सडकको निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु।ठूला योजनालाई सङ्घ तथा प्रदेश स्तरीय समपूरक योजनाको रूपमा रकम

बिनियोजन गरेको छु।सुन्दरेढुङ्गा-सालझण्डी मोटरबाटो पिच गर्ने कार्यलाई निरन्तरता दिएको छु। धजावान्ने-तान्सिङ्गल-सातमुरे मो.बा. र धजावान्ने-पेलावास-तालपोखरा मो बा कालोपत्रेको लागि विनियोजन गरेको छु । साथै प्रत्येक वडाका मोटरबाटो निर्माण र स्तरोन्नति गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४१. जनतालाई यातायातको पहुँचमा पुऱ्याउन सुरक्षित यात्राको लागि समग्र विकासको सूचकको रुपमा रहेको सडकको स्तरोन्नतिको लागि सबैतिर बजेट विनियोजन गरेको छु ।

**एक वडा एक गौरबको योजना अन्तर्गत**

- फलायडाडा देउलेपोखरा हुदै मनभाग मो बा रु ७ लाख
- सिस्ने पलसपाटा असौंदी मो बा रु १० लाख
- मनभाग असौंदी छचुवा मो बा रु ५ लाख
- अमलबास बाखे सिमलखोरिया मो बा रु १० लाख
- कालिका मा.वि ठाँटी ठुलाघर मो बा रु १० लाख
- मेहलधाप लोकासिङ्ग गुहारठाना मो बा रु ५ लाख
- बेहोरे पोखरी चिदिपानी लौधापानी मो बा रु २० लाख
- हिउदे पँधेरा ठुलो चौपारी मो बा रु १० लाख

**सिँचाइः**

४२. गाउँपालिकाको विभिन्न सिँचाइ शिर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु ।माझकुलो सिँचाइ, कालिमाटी घेल सिँचाइ, ठुलोकुलो सिँचाइ, अर्चले कुलो सिँचाइ लगायतका अन्य सिँचाइ आयोजनामा आवश्यक बजेट विनियोजन गरेको छु।

**वन तथा भू-संरक्षणः**

४३. वन तथा भू-संरक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छु। आपतकालीन रूपमा भित्रिने बाढी पहिरो विपद्लाई नियन्त्रण गर्न विपद् व्यवस्थापन कोषमा रु. ३०,००,०००/-(तिस लाख रुपैयाँ) विनियोजन गरको छु ।

**<u>वातावारण तथा जलवायु परिवर्तन, विपद् व्यवस्थापनः</u>**

४४. सम्भावित विपद व्यवस्थापनको लागि गाउँपालिकाको लागि जाली ग्याविन खरिदको लागि आवश्यक रकम विनियोजन गरेको छु । वडा कार्यालय तथा प्रहरी चौकीलाई विपद् प्रतिकार्य सामग्री व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु। टोल-टोलमा विपद् उद्धार समूह गठन, तालिम र परिचालन गरी अगाडी बढ्ने कार्यक्रम राखेको छु। गाउँपालिका स्तरीय नगरप्रहरीको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**<u>सेवा प्रवाहः</u>**

४५. सरकारी कार्यालयको सेवा प्रवाहलाई अधिकतम जनमैत्री बनाइने छ। कम्प्युटर तालिम, क्षमता विकास तालिम मार्फत कर्मचारी तथा जनप्रतिनिधिहरुको कार्यक्षमता वृद्धि गरिने छ। हरेक सरकारी कार्यालयमा नागरिक हेल्प डेस्कको निर्माण र सञ्चालन गरिने छ। सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरिने छ। यी सबै कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४६. घुम्ती सेवा मार्फत जनताको घर-दैलोमै गएर सेवा प्रवाहको व्यवस्था मिलाएको छु। सबै वडा कार्यालयमा डिजिटल नोटिस बोर्ड राख्ने व्यवस्था मिलाएको छु, साथै सार्वजनिक सुनुवाई कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु। जनतासँग प्रहरी साझेदारी कार्यक्रम, जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम र गाउँपालिकाको बार्षिक समिक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४७. जनताको सेवा सन्तुष्टि मध्यनजर गर्दै कर्मचारीलाई सेवा प्रवाहमा प्रोत्साहन गर्न सङ्घीय सरकारले बढाएको महंगि भत्तालाई यस स्थानीय तहमा पनि निरन्तरता दिएको छ र यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- एकीकृत घुम्ति कार्यक्रम रु ३ लाख
- एकीकृत कार्यालय सूचना व्यवस्थापन प्रणाली रु ४ लाख

**सुशासन प्रबर्धनः**

- नागरिक वडापत्र निर्माण तथा अद्यावधिक गरिने छ। डिजिटल नागरिक वडापत्रको समेत व्यवस्था गर्दै लगिने छ।
- गुनासो व्यवस्थापनको प्रभावकारी संयन्त्र गठन गरिने छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्ट मापन आदि जस्ता सेवा प्रवाहका नवीनतम अवधारणाको अवलम्बन गरिने छ।
- सार्वजनिक सेवा प्रवाहमा जनताको सेवा सन्तुष्टि, सहभागिता, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण र विधिको शासन कायम गर्नको लागि सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउँनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- योजना कार्यान्वयन तथा वित्तिय सुशासनलाई मध्येनजर गर्दै आ.व. ०८२/८३ को विनियोजन बजेट रु ५ लाख वा सो भन्दा माथिको रकमहरुमा ई-टेण्डर प्रकृया अवलम्बन गरिनेछ ।
- योजना कार्यान्वयनलाई परिणाम मुखी बनाउनको लागि प्राविधिकहरुलाई अनिवार्य रुपमा वडामा हाजिर हुने व्यवस्था गरिनेछ ।

अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने पालिका अध्यक्ष ज्यू, कार्यापालिका सदस्य ज्यू, गाँउसभा सदस्य ज्यू, विज्ञ महानुभाव राजनीतिक दलका प्रतिनिधी एवं राजनीतिज्ञ संचार जगत, नागरिक समाज, निजी क्षेत्र एवं विकास सहयात्री लगायत सम्पुर्ण पालिकावासी दिदिबहिनी तथा दाजुभाई र अहोरात्र खटिने सम्पुर्ण पालिकाका राष्ट्र सेवक कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शिघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित गाँउपालिका सभा समक्ष जानकारी गराउछु ।

धन्यवाद

युवराज थापा

उपाध्यक्ष

रैनादेवी छहरा गाँउपालिका, छहरा

मिति २०८२३/०३/२७